

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**सपना, जरो र एकता (२)**


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com








❑ वर्ष-२१ ❑ अंक - १७६ ❑ २०८३ असार २२ गते सोमबार ❑ Monday, 6 July, 2026 ❑ मूल्य ७ /-


## हात्तीको आक्रमणबाट आमाछोराको मृत्यु

**दमक/** भरतपुर महानगरपालिका-२३ बेलहट्टामा हात्तीको आक्रमणमा परी आमाछोराको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रभूषण यादवका अनुसार शनिबार राति घरमा सुतिरहेका बेला हात्तीको आक्रमणमा परी २५ वर्षीया आशिका बोटे र उनकी चार वर्षीय छोरा भरतको घटनास्थलमा नै मृत्यु भएको हो । हात्ती धपाउन आशिकाका श्रीमान् पूर्णले आगो बाल्दा उनको कच्ची घरमा आगलागी भएको थियो । आगो प्रहरी र स्थानीयको सहयोगमा निभाइएको थियो ।

## १७५ किलो गाँजासहित पक्राउ

**धनकुटा/** धनकुटाको महालक्ष्मी नगरपालिका-६ माडिबजारस्थित कोशी लोकमार्गमा प्रहरीले १७५ किलो गाँजासहित एक जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय धनकुटाका अनुसार शनिबार साँझ सवारी साधन जाँचका क्रममा को २ त ४८९८ नम्बरको ट्याक्टरमा लोड गरी ल्याइएको २२ वटा बोरामा रहेको गाँजा बरामद गरिएको हो । ट्याक्टर चालक महालक्ष्मी नगरपालिका-४ का १९ वर्षीय राजकुमार बयलकोटीलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । बरामद गाँजासहित ट्याक्टर र चालकलाई नियन्त्रणमा लिई लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

## मधेशमा वर्षको अन्त्यमा अत्याधिक खर्च

**दमक/** मधेस प्रदेशमा पनि असार महिनामा व्यापक खर्च भएको देखिएको छ । मधेस सरकारको चालु आर्थिक वर्षको अन्तिम महिना अर्थात् असार २० गतेभित्र ३ अर्ब ३२ करोड रूपैयाँ खर्च भएको पाइएको छ । यो कुल बजेट खर्चको २८ दशमलव ३० प्रतिशत भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । कार्यालयका अनुसार असार २० गतेसम्म प्रदेश सरकारले कुल १३ अर्ब २९ करोड ६६ लाख ६८ हजार १६४ रूपैयाँ खर्च गरेको छ । यसअघि जेठ मसान्तसम्म ९ अर्ब ९७ करोड रूपैयाँ अर्थात् कुल बजेटको २१ दशमलव २४ प्रतिशत खर्च भएको थियो ।

## नक्कली पत्रकार पक्राउ

**उर्लाबारी/** पत्रकार भएको परिचय दिँदै लागुऔषध सेवन गरी प्रहरीमाथि अभद्र व्यवहार गरेको आरोपमा दुई जना नक्कली पत्रकार विराटनगरबाट पक्राउ परेका छन् । लागुऔषध नियन्त्रण ब्यूरोको टोलीले आइतबार दिउँसो विराटनगर -१६ स्थित दरैया चोकबाट विराटनगर-१ निवासी ३६ वर्षीय पेशल घिमिरे र विराटनगर-४ निवासी राहुल सरदारलाई नियन्त्रणमा लिएको हो । मोरङ प्रहरीले उनीहरु भारतको जोगबनीबाट लागुऔषध सेवन गरेर नेपाल प्रवेश गर्दै गरेको अवस्थामा चेकजाँचका क्रममा प्रहरीमाथि अभद्र व्यवहार गरेपछि नियन्त्रणमा लिएको जनाएको छ ।

## लागुऔषधसहित हेल्थकेयर सञ्चालक पक्राउ

**दमक/** प्रतिबन्धित लागुऔषध कारोबार गरेको आरोपमा सर्लाहीबाट एक हेल्थकेयर सञ्चालक पक्राउ परेका छन् । प्रहरीले बागमती नगरपालिका-११ पुतलीचोकस्थित सभ्यता हेल्थकेयर प्रालिमा छापा मारेर ट्रामाडोल, टेन्टाडोल, स्पाज्मोलगायत प्रतिबन्धित औषधि र खाली प्याकेट बरामद गरेको जनाएको छ । घटनामा संलग्न रहेको आरोपमा ईश्वरपुर-१२ निवासी ३० वर्षीय प्रज्वल आलेलाई पक्राउ गरी थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय हरिवन पठाइएको छ । पक्राउ परेका एक व्यक्तिको बयानका आधारमा छापा मारिएको प्रहरीले जनाएको छ ।

## बेपत्ता दुई कर्मचारीलाई सेवाबाट हटाइयो

**दमक/** कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का दुई कर्मचारीलाई सेवाबाट हटाइएको बताएकी छन् । कर्मचारी प्रशासन विनियमावली, २०६२ अनुसार अनुपस्थित मितिदेखि नै लागू हुने गरी उनीहरूलाई सेवाबाट हटाइएको हो । परिषद्ले पत्राचार र सार्वजनिक सूचना जारी गरेर सम्पर्कमा आउन आग्रह गरे पनि उपस्थित नभएपछि कारबाही गरिएको मन्त्री चौधरीले जनाइन् ।

बाँकी ४ पेजमा ▸▸

### झापामा पूर्वाधार बजेट आधा घट्यो

# अनुदानमा पनि स्थानीय तहको असन्तुष्टी

- सडक, पुलदेखि चक्रपथसम्म अधिकांश आयोजना खुम्चिए
- सवा ७ अर्ब अनुदान आए पनि 'विकास होइन तलब-भत्ता धान्ने बजेट' भन्दै जनप्रतिनिधिको गुनासो

✍ खगेन्द्र कार्की

**दमक/** इतिहासमै सबैभन्दा ठूलो बजेट ल्याएको सरकारले प्रधानमन्त्रीकै निर्वाचन जिल्लामा अति कम बजेट आएको स्थानीय सरकारले गुनासो गरेका छन् । प्रधानमन्त्री बनेपछि पहिलो पूर्ण बजेट ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको सरकारले झापाका पूर्वाधार आयोजनामा गत वर्षको तुलनामा झन्डै आधा बजेट कटौति गरेर विनियोजन गरेपछि स्थानीय सरकारले असन्तुष्टी व्यक्त गरेका हुन ।

संघीय सरकारले स्थानीय तहलाई दिएको अन्तरसरकारी वित्तीय हस्तान्तरण पनि अपेक्षाभन्दा कम रहेको भन्दै जिल्लाका पालिकाहरु असन्तुष्ट बनेका छन् । उनीहरूले प्राप्त अधिकांश रकम प्रशासनिक खर्च र सशर्त कार्यक्रममै सीमित हुने भएकाले नयाँ विकास आयोजना अघि बढाउन नसकिने बताएका छन् ।

पूर्वाधार विकास मन्त्रालयले आर्थिक वर्ष २०८३/८४ का लागि झापामा ६ अर्ब ६९ करोड ९७ लाख ५४ हजार रूपैयाँ विनियोजन गरेको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा तत्कालीन भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट झापाका लागि १२ अर्ब ४० करोड ३६ लाख ४६ हजार रूपैयाँ छुट्याइएको थियो । यस हिसाबले एकै वर्षमा झापाको पूर्वाधार बजेट करिब ५ अर्ब ७० करोड रूपैयाँले घटेको छ ।

बजेट कटौतीसँगै जिल्लाका अधिकांश ठूला सडक तथा पुल आयोजनामा पनि रकम खुम्चिएको छ । मदन भण्डारी राजमार्ग, दमक-रतुवा पुल, दमक बसपार्क पुनर्निर्माण, दिपिनी खोलामा पुल, झापा जिल्ला सडक आयोजना, हटिया खोला पुल, भद्रपुर-चन्द्रगढी-चारआली सडक, भद्रपुर चक्रपथ, बिर्तामोड पुललगायत योजनामा गत वर्षको तुलनामा निकै कम बजेट परेको छ । कतिपय योजनामा त निर्माणलाई गति दिन सक्नेभन्दा पनि आयोजना जीवित राख्ने मात्रै रकम विनियोजन भएको बताइएको छ ।

गत वर्ष बजेट निर्माण हुँदा प्रधानमन्त्री केपी शर्मा ओली थिए । २०७९ को निर्वाचनमा झापा-५ बाट निर्वाचित ओलीको नेतृत्वको सरकारले झापामा ठूलो परिमाणमा पूर्वाधार बजेट केन्द्रित गरेको थियो । त्यतिबेला झापाबाटै निर्वाचित एमाले नेता देवेन्द्र दाहाल भौतिक पूर्वाधार तथा यातायात मन्त्री थिए । त्यसको प्रभाव बजेटमा परेको भन्दै राजनीतिक वृत्तमा चर्चा भएको थियो ।

यस वर्ष भने परिस्थिति उल्टिएको छ । झापा-५ बाट ओलीलाई पराजित गरेका रास्वपाका सभापति बालेन्द्र शाह नेतृत्वको सरकारले ल्याएको बजेटमा झापाको हिस्सा उल्लेख्य रूपमा घटेको छ । यसअघि भौतिक पूर्वाधार, सहरी विकास र खानेपानी मन्त्रालयबाट छुट्टाछुट्टै आउने बजेट अहिले एकीकृत पूर्वाधार विकास मन्त्रालयमार्फत आएको भए पनि समग्र विनियोजन भने आधाभन्दा कम भएको छ ।

पूर्वाधार बजेटसँगै स्थानीय तहले पाउने अनुदानमा पनि असन्तुष्टि देखिएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको अन्तरसरकारी वित्तीय हस्तान्तरण विवरणअनुसार झापाका १५ स्थानीय तहका लागि आगामी आर्थिक वर्षमा ७ अर्ब २२ करोड १४ लाख रूपैयाँ विनियोजन गरिएको छ । तर स्थानीय जनप्रतिनिधिहरूले यो बजेट विकासभन्दा पनि नियमित प्रशासनिक खर्च धान्नमै सीमित हुने बताएका छन् ।

दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले संघीय सरकारले दिएको अनुदान गत वर्षभन्दा घटेको र आएको बजेट पनि अधिकांश निश्चित शीर्षकमा खर्च गर्नुपर्ने भएकाले विकास निर्माणमा उपयोगी हुन नसक्ने बताए । उनका अनुसार स्थानीय सरकारलाई आवश्यक लचकता दिने विशेष तथा समपूरक अनुदान अत्यन्त न्यून छ । उनले बजेट आउनु अगाडि नै आफुले धेरै वटा योजनाका लागि बाँकी ४ पेजमा ▸▸

## १६ अर्ब ८१ करोडको पेट्रोलियम पदार्थ आयात

**दमक/** पेट्रोलियम पदार्थ आयातबाट चालु आवको नौ महिनामा सात अर्ब ४४ करोड ७८ लाख १८ हजार राजस्व संकलन भएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म पूर्वीनाका काँकरभिट्टाबाट मात्रै १६ अर्ब ८१ करोड ३६ लाख ३० हजारको पेट्रोलियम पदार्थ आयात भएको छ । मेची भन्सार कार्यालयका सूचना अधिकारी तथा भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार सो अवधिमा पेट्रोल, डिजेल, एलपी ग्यास, एटीएफ, कोइलालगायत वस्तु आयात भएका छन् । कार्यालयको तथ्यांकअनुसार उक्त



अवधिमा सात अर्ब ७५ करोड ९४ लाख मूल्यबराबरको ८३ हजार ४४८ किलोलिटर पेट्रोल आयात भएको छ । त्यसैगरी, पाँच अर्ब ८७ करोड १८ लाख मूल्यबराबरको ५५ हजार २४ किलोलिटर बाँकी ४ पेजमा ▸▸

## एकैदिन ७ जनाको मृत्यु, २५ जना घाइते

**दमक/** पछिल्लो २४ घण्टामा देशभर विभिन्न प्रकारका विपद्जन्य घटनामा परी ७ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको तथ्यांक अनुसार यो अवधिमा ४७ वटा विपद्का घटना घट्दा अन्य २५ जना घाइते भएका छन् ।

सर्पदंशका घटनामा सबैभन्दा बढी ३ जनाको मृत्यु भएको छ । बाढी, भारी वर्षा र पहिरोका घटनामा एक-एक जनाको मृत्यु भएको छ भने जनावर आक्रमणमा २ जनाले ज्यान गुमाएका छन् ।

प्राधिकरणले सार्वजनिक गरेको दैनिक बुलेटिन अनुसार बाढीका ४, भारी वर्षाका ५, पहिरोका ११, सर्पदंशका १६, चट्याङका ४, वन तथा डढेलोका ५ र जनावर आक्रमणका २ घटना गरी कुल ४७ वटा विपद्का घटना भएका छन् । घटनाबाट ३७ जिल्ला प्रभावित भएका छन् ।

विपद्का घटनामा सडक अवरोधका ६ वटा घटना भएका छन् । प्रभावित क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरी उद्धार तथा राहतका कार्य सञ्चालन गरिएको प्राधिकरणले जनाएको छ । हालसम्म २६३ जना सुरक्षाकर्मी विभिन्न घटनास्थलमा परिचालन भएका छन् ।

प्राधिकरणका अनुसार विपद्का घटनाबाट करिब १९ लाख ५० हजार रूपैयाँ बराबरको आर्थिक क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

## गौरादहमा रासायनिक मलको अभाव

✍ जेवि खड्का

***गौरादह/** झापाको गौरादहका किसानले रोपाईंको समयमा रासायनिक मल नपाएको गुनासो गरेका छन् । बर्षाको समयमा किसानहरूलाई खेती गर्न रासायनिक मलको हाहाकार मच्चिएको छ । रासायनिक मल युरीया र डिएपी लगायतका मल नपाएपछि यस क्षेत्रका किसानहरू निराश भएका छन् ।*

*किसानले मानो खाएर मुरी उब्जाउने समयमा रासायनिक मलको अभावमा*



*सहकारी संस्थाको गेटमा लाईन बस्न बाध्य भएका छन् ।* बाँकी ४ पेजमा ▸▸

## कांग्रेस महाधिवेशन : निर्वाचन डिजिटल हुने

**काठमाडौं/**नेपाली कांग्रेसले १५औं महाधिवेशनलाई लक्षित गर्दै नयाँ क्रियाशील सदस्यता वितरण तथा नवीकरणको म्याद आगामी साउन ३ गतेसम्म थप गरेको छ । यससँगै महाधिवेशनको निर्वाचन प्रक्रिया पूर्ण रूपमा डिजिटल वा पेपरलेस बनाउने तयारी पनि अघि बढाएको छ । महामन्त्री प्रदीप पौडेल नेतृत्वको क्रियाशील सदस्यता व्यवस्थापन समितिको बैठकले नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरणको समय असार २० बाट साउन ३ गतेसम्म थप गर्ने निर्णय गरेको हो । कांग्रेसले यसअघि नै अनलाइनमार्फत पनि नयाँ क्रियाशील बाँकी ४ पेजमा ▸▸

## धनकुटामा १९ जनाले छोडे कांग्रेस

धनकुटा । धनकुटामा नेपाली कांग्रेसका १९ जना नेता तथा कार्यकर्ताहरूले सामूहिक रूपमा पार्टी परित्याग गरेका छन्। संविधानसभा सदस्य अञ्जना ताम्लीसहित १९ जनाले केन्द्रीय सभापति गगनकुमार थापालाई सम्बोधन गर्दै पत्र लेखेर साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट अलग भएको घोषणा गरेका हुन् । पार्टी छोड्नेहरूमा दोस्रो संविधानसभामा कांग्रेसबाट समानुपातिक सदस्य रहेकी तथा महासमिति सदस्य ताम्ली र कांग्रेस बाँकी ४ पेजमा ▸▸

## 'सरकारले प्रेस स्वतन्त्रता संकुचन गर्ने कुनै नीति लिएको छैन'

**दमक/** सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले सरकारले प्रेस स्वतन्त्रता संकुचन गर्ने कुनै पनि नीति नलिएको स्पष्ट पारेका छन् । आइतबार काठमाडौंमा नेपाल पत्रकार महासंघले आयोजना गरेको कार्यक्रममा बोल्दै मन्त्री तिमिल्सिनाले प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरेको मौलिक अधिकार भएकाले त्यसको संरक्षणप्रति सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताए ।

उनले सरकार प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने वा त्यसलाई सीमित गर्ने पक्षमा नरहेको उल्लेख गर्दै स्वतन्त्र, जिम्मेवार र मर्यादित पत्रकारिताले लोकतन्त्रलाई थप सुदृढ बनाउने धारणा राखे ।



मन्त्री तिमिल्सिनाले सञ्चार माध्यमले स्वतन्त्रतासँगै व्यावसायिक आचारसंहिता, जबाफदेहिता र सामाजिक उत्तरदायित्वलाई पनि समान रूपमा आत्मसाथ गर्नुपर्नेमा जोड दिँदै प्रेस स्वतन्त्रता भनेको स्वच्छन्दता नभई संविधान र कानुनको दायराभित्र रहेर तथ्यमा आधारित तथा जिम्मेवार पत्रकारिता गर्नु रहेको स्पष्ट पारे । बाँकी ४ पेजमा ▸▸

## झापाका बर्डफ्लु पिडीत किसानले ७५ प्रतिशत क्षतिपूर्ति पाउने



**दमक/** झापाका बर्डफ्लु पिडीत किसानले ७५ प्रतिशत क्षतिपूर्ति पाउने भएका छन् । गत चैत र बैशाख महिनामा देखा परेको बर्डफ्लु रोगका कारण झापामा करिव २ करोड ९२ लाख रुपैयाँ बराबरको क्षति भएको छ। त्यसको ७५ प्रतिशत किसानले क्षतिपूर्ति पाउने भएका हुन् ।

झापाको चारवटा फार्ममा बर्डफ्लु देखा परेको थियो । दमक १० मा देवेन्द्र प्रसाईको दमक एग्रिकल्चर फार्म , दमक १० कै मनिश बलमपाकी मगरको दमक कृषि फार्म, कमल ५ का उज्वल भण्डारीको फार्म र गौरादह ६ का मनोज सिटौलाको रेमन कृषि फार्ममा बर्डफ्लु फैलिएको थियो । ती फार्महरुमा २० हजार ९० वटा कुखुरा, ९७ हजार ४ सय ५० अन्डा र १० हजार ४ सय ६५ केजी दाना नष्ट बाँकी ४ पेजमा ▸▸

## सम्पादकीय

# जनभावना जित्न आवश्यक

प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले आफ्नो कार्यकालको सयदिन पूरा गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता शाहको नेतृत्वमा चैत १३ गते सुशासन, पारदर्शिता र प्रणालीगत परिवर्तनको नारासहित बनेको यस सरकारले शनिबार आफ्नो सय दिने उपलब्धि सार्वजनिक गरेको छ । राजनीतिक अस्थिरता र परम्परागत बेथितिले थलिएको मुलुकमा यो सयदिनको अवधि सरकारको नीति, दिशा र दृढता कति छ भनेर हेर्ने एउटा महत्वपूर्ण 'हनिमुन पिरियड' हो । यो अवधिमा सरकारले चालेका केही कदमहरु निकै साहसिक र प्रणालीगत सुधारका संकेतका रुपमा देखिएका छन् ।

सरकारले सार्वजनिक गरेको उपलब्धिको सूची हेर्दा यसपटक परम्परागत कागजी गफभन्दा पनि संरचनागत बेथितिमाथि नै प्रहार गर्ने प्रयास भएको देखिन्छ । विशेष गरी, वि.सं. २०४८ सालपछि सत्ता र शक्तिमा पुगेका उच्चपदस्थ अधिकारीहरुको सम्पत्ति छानबिनका लागि आयोग गठन गर्ने निर्णय गर्नु आफैँमा एउटा ठूलो राजनीतिक आँट हो । नेपालको राजनीतिक वृत्तमा व्याप्त नीतिगत भ्रष्टाचारको जरा उखेल्न यो कदम कोसेढुंगा साबित हुन सक्छ, यदि यसलाई राजनीतिक प्रतिशोध भन्दा माथि उठेर निष्पक्ष रुपमा अगाडि बढाइएन भने यो कदम घातक पनि हुन सक्छ ।

यसैगरी, मन्त्रालयको संख्या कटौती, १ हजार ५ सय ८४ वटा अनावश्यक राजनीतिक नियुक्तिको खारेजी, र पहुँचका आधारमा सिंहदरबार र काठमाडौँमा थुप्रिएका कर्मचारीहरुलाई कार्यक्षेत्रमा विस्थापन गर्ने निर्णयले राज्यको प्रशासनिक खर्च घटाउन र सेवा प्रवाहलाई विकेन्द्रित गर्न ठूलो मद्दत पुग्ने देखिन्छ । कर्मचारी सरूवामा पहिलोपटक अनलाइन प्रणालीको थालनी र प्रक्रियागत झन्झट घटाउने प्रयासले प्रविधिको प्रयोगमार्फत सुशासन दिने रास्वपाको एजेन्डालाई भुइँतहमा उतार्न खोजेको भान हुन्छ । विश्वविद्यालयहरुबाट स्ववियु र कर्मचारी ट्रेड युनियनको खारेजी तथा सरकारी सवारी साधनको दुरूपयोग रोक्ने कदमहरुले राज्य संयन्त्रलाई दलीयकरणबाट मुक्त गर्ने दिशामा सकारात्मक दबाब सिर्जना गरेका छन् ।

तर, सरकारको अगाडि चुनौतीका चाङहरु अझै बाँकी छन् । सयदिनमा सयभन्दा बढी कानुन संशोधनको गृहकार्य हुनु र सहकारी समस्या समाधानको पहल हुनु सकारात्मक भए पनि, देशको बिग्रिएको अर्थतन्त्रलाई चलायमान बनाउन र लाखौँ युवाहरुमा तत्काल आशा जगाउन अझै ठोस आर्थिक प्याकेजहरुको खाँचो छ । सार्वजनिक र सरकारी जग्गा फिर्ता गर्ने प्रयास र भ्रष्टाचारमाथिको आक्रामक छानबिनले शक्तिशाली भू-माफिया र राजनीतिक सिन्डिकेटबाट तीव्र प्रतिरोधको सामना गर्नुपर्ने निश्चित छ । यस्तो अवस्थामा सरकारले पछाडि नहटी विधिको शासन स्थापित गर्नुपर्छ । पछिल्लो पुस्ताले सडकबाट दिएको म्यान्डेट र नागरिकले मतमार्फत प्रकट गरेको भरोसालाई कायमै राख्न सरकारले आगामी दिनमा अझ बढी परिपक्व, कानुनी रुपमा सबल र दृढ भएर काम गर्नुपर्ने आवश्यक छ ।

## समय र सन्दर्भ

# सपना, जरो र एकता



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**लोकतन्त्रमा जनताले भोट फेर्छन्, कुनै दलको सदस्य लिएर जीवनभर त्यही दललाई भोट हाल्ने 'लेनिनबादी' गठनात्मक प्रणाली अव मृत भइसक्यो । एकपटक जनताबाट तिरस्कार भइसकेपछि फर्किएर त्यो अभिमत फेरि कहिल्यै आउँदैन। दुईतिहाइ ल्याएर दबदबा मच्चाएको भारतीय कांग्रेस चालिस बर्षमा पनि बौरिन सकेको छैन । बीस बर्ष एकछत्र शासन गरेको ज्योति बसुको भारतीय कम्युनिष्ट पश्चिम बंगालमा ढलेपछि त्यो कहिल्यै पनि फर्किएर आएन ।**

हालै मदन भण्डारीको सम्झनामा नेपालका बयोबृद्ध कम्युनिस्ट नेताहरू एकै मञ्चमा उभिएको देखियो । त्यसमा भूतपूर्व राष्ट्रपतिदेखि प्रधानमन्त्री समेत बनिसकेका मान्छेहरूको उपस्थिति थियो । ती उपल्लो दर्जाका निबृत कर्मचारी जस्तै देखिए । ती सपना देखिरहेका थिए ।

हिजो आकास पनि मेरै हो, धरती पनि मेरै हो भन्ने थिए । राज्य पनि, राज्य संयन्त्र पनि मेरै हो भन्नेहरू थिए । दल पनि, विचार पनि मेरै हो भन्नेहरू थिए । यो भूगोलको माटो पनि, पानी पनि मेरै हो भन्नेहरू थिए । ती यस्तै सोच राखेर निरन्तर आफ्नो जवानी सत्ताको लतसंग साटेको जीब्रोबाट तरर पानी आउनेहरू थिए । सास रहुञ्जेल सत्तामा बसिरहनु पर्छ भन्नेहरू थिए । केपी शर्मा ओलीको एउटा शब्द सापटी ल्याउने हो भने त्यो एउटा 'बृद्धश्रम' जस्तै थियो । धूमिल, ख्याउटे र लुइरे बनिसकेका सारा इन्द्रियहरू बोकेर ती शून्यतामा बाँचिरहेका देखिन्थे ।

तिनले न त इतिहास सम्झन्थे, न त बर्तमान, न त भविष्य । ३५ बर्षमा तिनका अनुहार ऐनामा पनि नदिखिने 'धूलो' लागेर निश्पट्ट भएका बेला ती 'हामी सुन्दर छौं' भनेर बोलिरहेका थिए । तिनको कुरूप अनुहारमा एकता नामको 'जलप' लगाएपछि 'सुन्दर' बनिहाल्छ भन्ने भ्रम पनि देखियो । न त हिजोका 'अमानवीय' राज्य सञ्चालनको टीका थियो, न त त्यसप्रति कुनै आत्मग्लानी थियो । बरू भ्रम थियो 'हामी सुन्दर छौं' भन्ने । भ्रमको शिकार हुनु भनेको आफ्ना इन्द्रियहरूले काम नगर्नु हो ।

समयको छालले तिनलाई किनाराकृत गरिदिएको ज्ञान पनि देखिएन । 'हामी बेलुन भयौं, अनि हामीलाई जेन्जीको आँधीले किनाराकृत गरेको हो' भन्ने हेक्का पनि देखिएन । नाति पुस्तामा देश गइसक्दा पनि 'हाम्रा पनि नाति छन् त' भन्ने चेतना सम्म पनि देखिएन । तिनका आँखाको दृष्टि शक्ति यति कमजोर भएछ कि तिनले आफ्ना नातिपुस्ता देख्दा पनि देखेनन् । सम्झिँदा पनि सम्झेनन् । यति सम्म कि युवा पुस्ता कोही पनि नदेख्ने दृष्टि रोग लागेको जस्तो देखियो । किनभने मुलुकको सर्बोच्च पदमा पटक पटक पुगिसकेका मान्छे 'लौरो टेक्दै' अब फेरि 'खोला मैतिर फर्काउँछु' भन्दै रमाउँदै गर्दा लाग्थ्यो उनीहरूको गन्तब्य भनेको राजकीय सत्ता प्राप्त गर्नु मात्र हो । त्यो त उनीहरूले साढे तीन दशक प्राप्त गरेकै थिए त, किन किनाराकृत भए आफै ? किन भाग्नुपर्‍यो? किन चुनावमा हार्नुपर्‍यो ? किन उनीहरूका फोटा बिकेनन् ? किन उनीहरूका चूनावी अभियानमा उनीहरूका अनुहार बिकेनन् ? कहिल्यै समीक्षा भएन । अर्कालाई गाली गर्न सिके जीवनभरमा, त्यही प्रयोग गरिरन्छन् अहिले पनि । उनीहरूको कुनै भिजन छैन । किनभने उनीहरू भिजन पढेर सत्ता सम्हाल्न आएका मान्छे पनि होइनन् ।

पुलिसलाई ढुंगा हानेर, मान्छे मारेर, जेल बसेर, अर्काले लेखिदिएका दस्तावेज र कोरा सिद्धाहरू पढेर आएका मान्छे हुन् । हिन्दीमा उल्था गरिएका रसियन किताबहरू पढेर आएका मान्छे हुन् । कमा, फुलस्टप र केही सीमित पदावलीहरूमा उनीहरू सात बर्ष पनि 'गफ' गर्न सक्छन्, त्यही गफ बेचेर आएका हुन् । धेरै बोल्न सक्छन् । तिनले गफ त कति गरे गरे । बोल्न त कति बोले बोले । 'गफले पानी तताउने' उनीहरूको 'पुरानो' रणनीति अझै जीवित छ जस्तो देखियो । तिनले गफले भात पकाए ।

गफले नै खाए । गफले नै नुहाए । गफले नै आकास खसाए । गफले नै पाताललाई आकास बनाए । गफले नै आकासलाई पाताल बनाए । ती यति ब्यस्त थिए कि राति एक बजेसम्म सुत्न पाउँदैनथे । दैनिक दश हजार कार्यकर्ताको लावालस्करलाई 'चित्त' बुझाएर घर पठाउनु पर्थ्यो । कार्यकर्ताको बिहे, पास्नी, क्रिया, जन्ती, मलामी जान भ्याइनभ्याइ हुन्थ्यो । मन्त्रालयभन्दा पार्टी कार्यालयको 'प्रेम' हुन्थ्यो । त्यहींबाट 'देश चल्थ्यो' । दश लाखको सरकारी आयोजनको रातो रिवन काटेर उद्घाटन गर्न दश लाख खर्च गरेर जानु पर्थ्यो । तिनले आफ्नो 'बखान' आफैं गर्थे । ती 'नार्सिसस' थिए । जनतालाई बिभाजन दस्तावेजमै गर्थे कसैलाई 'दुश्मन' किटान गरेर । आफू मात्रै सही, बाँकी सबैलाई गलत भने ।

तिनले भविष्य देख्न पनि सकेको देखिएन । उनीहरूले स्थापना गर्न खोजेको 'मानक' पनि म्याद बितेको औषधी हो भन्ने थाहा भएको पनि देखिएन । त्यो मानक आनुसार 'रास्वपाले गल्ती गर्नू पर्ने, रवि र बालेनको बीचमा फाटो आउनु पर्ने, रास्वपा फुट्नु पर्ने' यस्तै यस्तै मानक लागु हुन्छन् कि भनेर पर्खिएर बसेको जस्तो देखिन्थ्यो । तिनलाई गाली गर्दा पो हिजो उनीहरूलाई भोट दिएका मान्छे फिर्किन्छन् कि भनेर 'बल्छी' थापेको जस्तो देखिन्थ्यो । उनीहरूका 'बृद्ध' र 'अवकास प्राप्त' अनुहार फेरि पनि जनतामा 'बिक्छन्' कि भनेर मान्यता राखेको जस्तो पनि देखिन्थ्यो । आफ्ना केही युवाहरूलाई सडकमा उतारेर परिस्थिति 'उल्टिन्छ' कि भनेर आस गरेको जस्तो पनि देखिन्थ्यो ।

तिनले आन्दोलनका कुरा गरे । तिनलाई थाहा भएन, तिनले इतिहासमा यति धेरै आन्दोलन गरे कि तिनको फेहरिस्त बनाउने हो भने महाभारतभन्दा ठूलो ग्रन्थ बन्छ । २००३ सालदेखि तिनका दिमागमा 'आन्दोलन' बाहेक केहीपनि अभिव्यञ्जना छैन । ती सिर्फ आन्दोलनको कुरा गर्छन् । सिर्फ आन्दोलन गर्छन् । अनि शक्ति र सत्ता प्राप्त गर्छन् । र आफ्ना 'आवश्यकता' पूरा गर्छन् ।

यी सबै कुरा नजानेर भनौं वा जान्दा जान्दै उनीहरू 'लौरो टेकेर' फेरि आन्दोलनको कुरा गर्न थालेका छन् । तीन महिना पनि सत्ता बाहिर बस्न नसक्ने 'मनोरोगी' हरूको त्यो कार्यक्रमले राष्ट्रपति पदबारे पनि गम्भीर प्रश्न उब्जाएको छ । त्यो पदले सारा नेपालीको प्रतिनिधित्व गरेनछ । त्यो राज्यको सबैभन्दा ठूलो पद पाइसकेको मान्छे फेरि एउटा दलको 'सदस्य' बन्न किन मरिरहत्ते गरिरहेको छ? दलको 'कार्यकर्ता वा नेता' देशको सर्बोच्च पदभन्दा पनि 'महान' कसरी बन्यो ? दलमा के छ त्यस्तो कुरा जुन राष्ट्रपति पद भन्दा ठूलो चिज पाइन्छ ? यदि राजनीतिक दलको 'झोले' राष्ट्रपति पदभन्दा बढी गरिमामय हुन्छ भनेर प्रमाणित गर्न खोजेको हो भने नेपाली जनताले त्यो राष्ट्रपति पद तुरून्तै खारिज गरे हुन्छ । यही चाहेको हो उनीहरूले ? एउटा पूर्व राष्ट्रपति रूखमा भोट माग्दै हिंड्ने, अर्को 'बाम एकता' गराउँदै हिड्नुले अब यो राष्ट्रपति शब्दले नेपालीको शीर गिराउन थालेको छ । यो 'दलको भक्त' देशको 'साझा' ब्यक्ति कुनै पनि हालतमा हुनसक्दैन भन्ने कुरा प्रमाणित हुँदै गएको छ । यही गर्न यो सविधान बनाएको हो ? यही गर्न साठी र सत्तरीको दशक खरबौं रूपैयाँ खर्चिएर त्यो 'बिभेदकारी' संबिधान बनाएको हो ?

नयाँहरू आएका छन् । खराब काम गरे भने पाँच बर्षमा अर्को चूनाव आउँछ, हराइदिए भइ गो नि । लोकतन्त्रमा जनताले भोट फेर्छन्, कुनै दलको सदस्य लिएर जीवनभर त्यही दललाई भोट हाल्ने 'लेनिनबादी' संगठनात्मक प्रणाली अव मृत भइसक्यो । एकपटक जनताबाट तिरस्कार भइसकेपछि फर्किएर त्यो अभिमत फेरि कहिल्यै आउँदैन ।

दुईतिहाइ ल्याएर दबदबा मच्चाएको भारतीय कांग्रेस चालिस बर्षमा पनि बौरिन सकेको छैन । बीस बर्ष एकछत्र शासन गरेको ज्योति बसुको भारतीय कम्युनिष्ट पश्चिम बंगालमा ढलेपछि त्यो कहिल्यै पनि फर्किएर आएन । अनि यहाँ चाहिं 'झर्ला र खाँउँला' भन्दै रास्वपाले गल्ती गर्छ अनि भोट फेरि हामीलाइनै आउँछ भन्ने दिवास्वप्ना चलिरहेको छ । जनता ब्याक हुँदैनन्, बरू फरवार्ड हुन्छन्, अघि बढ्छन् । रास्वपा असफल भए अर्को रवि र वालेन जन्मिन्छन् र युवा त्यता लाग्छन् । तर यिनीहरूको 'बृद्धाश्रम' मा कोही पनि जाँदैनन् । त्यही भएर मैले एमालेका एक जना केन्द्रिय सदस्यलाई अस्ति चुनावपछि एमाले जगाउन एउटा 'टिप्स' दिएको थिएँ, 'अब एमाले जोगाउने र जनताको सहानुभूति फेरि पनि लिने हो भने सुहाङ्ग नेम्बाङ्गलाई एमालेको अध्यक्ष बनाउनू, त्यसो भयो भने दल जीवीत रहन्छ ।' तर त्यो मन्त्र उहाँहरूलाई 'वाइयात' लाग्यो । सत्य चाहिं त्यही थियो । सत्यलाई परास्त्र गरेर, इतिहास र बर्तमानलाई नजरअन्दाज गरेर उनीहरू बाँचिरहेको पनि देखियो । तर उसदिन जे देखियो, त्यो अकल्पनीय सपनाको बजार थियो । त्यो बजार त्यो दिन बितेपछि निराकार जस्तै देखियो । फेरि त्यो कतै पर्दामा देखिन छाडेको छ । त्यो एकता 'ए...कता ?' भएको जस्तो देखिन पुगेको छ, जुन दुर्भाग्य हो । यान्त्रिक एकताले काम गर्दैन, भावनात्मक एकताले मात्र काम गर्छ भन्ने कुरा पनि बुझेको देखिएन । त्यो यी कम्युनिस्ट पार्टीहरूमा मात्र होइन, नेपाली कांग्रेसको चुटिएको रूखको जरो यान्त्रिक रूपले जोडने प्रयास भइरहेको छ, त्यो भावनात्मक भए मात्र

## सामाजिक सञ्जाल

### सुशासन र संस्थागत सुधारको प्रयास भएको छ



उपेन्द्र यादव
(अध्यक्ष) जनता समाजवादी पार्टी नेपाल

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारको पहिलो १०० दिनलाई सुशासन र संस्थागत सुधारको प्रयास प्रारम्भिक चरणमा रहेको बताएका छन् । यादवले सरकारको वास्तविक परीक्षा अब त्यसको कार्यान्वयन र त्यसबाट प्राप्त हुने परिणाममा निर्भर हुने बताए ।

सरकारको सय दिने कार्यको समिक्षा र त्यसप्रति टिप्पणी गर्दै आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत् अध्यक्ष यादवले सरकारको पहिलो १०० दिन सुशासनमा सुधार, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक पुनर्संरचना तथा राज्य संयन्त्रलाई प्रभावकारी बनाउने प्रयासमा केन्द्रित रहेको उल्लेख गरेका छन् ।

यद्यपि, अहिले नै सरकार सफल वा असफल भएको निष्कर्ष निकाल्नु हतारो हुने भन्दै अध्यक्ष यादवले सरकारले अघि सारेको नीति, सुधार र निर्णयहरू कतिको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् र त्यसले नागरिकको दैनिक जीवनमा के कस्तो परिवर्तन ल्याउँछ भन्ने आधारमै सरकारको दीर्घकालीन मूल्याङ्कन हुनुपर्ने बताएका छन् ।

### 'सरकार विदेशी इसारामा चलेको छ'



महेश बस्नेत
(सचिवा)
नेकपा (एमाले

नेकपा (एमाले) का सचिव महेश बस्नेतले पार्टी नेतृत्व र नेताहरूविरुद्ध राज्यस्तरबाटै सुनियोजित रूपमा भ्रम फैलाउने प्रयास भइरहेको आरोप लगाएका छन् । बस्नेतले गत वर्ष भदौ २३ र २४ गते भएका घटनालाई नेपालमाथिको आक्रमणको संज्ञा दिँदै ती घटनामा विभिन्न डिजिटल च्यानल र संस्थाहरूको संलग्नता रहेको आरोप लगाए । उनका अनुसार डिस्कोर्ड च्यानल, 'वी आर नेपाली', 'बारबरा फाउण्डेसन' र 'अमेरिकन युथ काउन्सिल' जस्ता संस्थाहरू वैदेशिक शक्तिको आडमा परिचालित भएका थिए । अहिलेको सरकार विदेशी इसारामा चलेको छ ।

ती माध्यमबाट बम बनाउने, सरकारी भवन तथा निजी उद्योग-व्यवसायमा आगजनी गर्नेजस्ता हिंसात्मक गतिविधि सिकाइएको उनको दाबी थियो ।

सिंहदरबार, संसद्, सर्वोच्च अदालत, निजी उद्योग तथा एमाले नेताहरूका घरमा आगजनी गरिएका घटनाको स्मरण गर्दै उनले त्यसमा संलग्न व्यक्तिहरू अहिले पनि सत्ताको संरक्षणमा रहेको आरोप लगाए ।













## धनकुटाको मूलाले बजार पाएन
# विषादी लगाएर बारीमै नष्ट गर्न बाध्य



**धनकुटा/** बारीमा पसिना बगाएर उत्पादन गरेको बाली आफैंले नष्ट गर्नु कुनै पनि किसानका लागि सहज निर्णय होइन । तर छथर जोरपाटीका किसान अहिले यही पीडादायी अवस्थाबाट गुज्रिरहेका छन् । कतै गोरुले जोतेर मूला माटोमा मिसाइँदै छ, कतै यान्त्रिक हलोले उत्पादन पल्टाइँदै छ । कोशी प्रदेशमै 'तरकारीको राजधानी'का रुपमा परिचित धनकुटाको छथर जोरपाटी गाउँपालिका किसानले उत्पादन गरेको मूला खेतबारी मै कुहिन थालेको छ ।

बजारमा उचित मूल्य नपाउँदा सयौं किसानले लगाएको मूला नयाँ बाली लगाउने समय आइसक्दा पनि बिक्री नभएपछि किसानले आफ्नै मेहनतले फलाएको बाली नष्ट गर्नुपर्ने बाध्यता सिर्जना भएको छ ।

छथर जोरपाटी गाउँपालिकाको जोरपाटी, सिधुवा, मजुवा, चुलाचुली, सल्ले, चप्परीचोक, फुत्रुङडाँडा, गुराँसे, बोक्रे र रोटेआहाल लगायत क्षेत्र व्यावसायिक तरकारी उत्पादनका लागि प्रसिद्ध छन् । विशेष गरी मूला खेती यहाँको प्रमुख नगदेबाली मध्येको एक हो ।

तर, यस वर्ष किसानले प्रतिकिलो पाँचदेखि छ रुपैयाँसम्ममा मात्रै मूला बिक्री गर्नुपर्ने अवस्था आएको छ । यही मूल्यमा मल, बीउ, विषादी, सिँचाइ, मजदुरी, ढुवानी र जग्गा तयारीको लागत समेत नउठ्ने किसानहरू बताउँछन् । गुराँसेका व्यावसायिक किसान इन्द्र सारु मगरले मूलाको मूल्य उखेलेर बजार पठाउन खेतालालाई दिनुपर्ने ज्याला पनि नआउने अवस्था रहेको बताए । उनका अनुसार सुरुमा प्रतिकिलो २० रुपैयाँसम्म बिक्री भएको मूला एकैपटक बजारमा धेरै परिमाणमा पुगेपछि मूल्य एकाएक घटेको हो ।

कतिपय किसानले नयाँ बाली लगाउन बारी खाली गर्न मूला कुहिने विषादी छर्किएर नष्ट गरिरहेका छन् । बारीभरि कुहिएका मूलाबाट दुर्गन्ध फैलिन थालेको छ । बारीमै मूला नष्ट गर्नु परेपछि किसानहरुले उत्पादनको नोक्सानी मात्र होइन, महिनौंको श्रम, लगानी र आशा पनि माटोमा मिलेको छ ।


मूलाको मूल्य नपाउँदा छथर जोरपाटी गाउँपालिकाका करिब तीन हजार किसान परिवार प्रत्यक्ष प्रभावित भएका छन् । गाउँपालिकाका अध्यक्ष छत्रबहादुर सुब्बा स्वयं पनि व्यावसायिक किसान हुन् । उनले आफ्नै करिब २० रोपनीमा लगाएको मूला बारीमै नष्ट गर्नुपरेको बताए ।

उनका अनुसार ५ रुपैयाँ प्रतिकिलोमा बिक्री गर्दा लागत समेत नउठ्ने भएकाले धेरै किसानले उत्पादन नष्ट गर्नुको विकल्प नदेखेका हुन् । मूलाले उचित मूल्य नपाउँदा गाउँपालिकाका किसानले दुई करोड रुपैयाँभन्दा बढी आर्थिक क्षति बेहोर्नपरेको गाउँपालिका अध्यक्ष सुब्बाले बताए ।

छथर जोरपाटी मूला मात्र नभई आलु, बन्दाकोपी, काउली, भेडेखुर्सानी, स्कुस र मटरकोसा उत्पादनका लागि पनि परिचित क्षेत्र हो । बर्सेनि उत्पादन बढ्दै गए पनि बजार व्यवस्थापनको समस्या जहिल्यै उस्तै रहेको छ ।

स्थानीयका अनुसार भारततर्फ निर्यातमा अवरोध आउँदा स्थानीय बजारमा अत्यधिक आपूर्ति हुन्छ । संकलन केन्द्र, शीतभण्डार र प्रशोधन उद्योगको अभावले उत्पादन लामो समय सुरक्षित राख्न सकिँदैन । जसले गर्दा किसान बाध्य भएर अत्यन्तै कम मूल्यमा बिक्री गर्न वा उत्पादन नै नष्ट गर्नुपर्ने अवस्था आउने गरेको छ ।

स्वास्थ्य



# कस्ता रोगीले खानुहुँदैन नरिवल पानी ?

**दमक/** धेरैजसो मानिसहरू नरिवल पानी गर्मीको समयमा स्फूर्ति र ऊर्जाको लागि पिउन मन पराउँछन् ।

बालबालिकादेखि वयस्कहरूसम्म नरिवल पानीलाई स्वस्थ पेय मान्छन् । तर यो सबैका लागि समान रूपमा फाइदाजनक हुँदैन । के तपाईंलाई यो कुरा थाहा छ ? केही मानिसहरूले नरिवल पानी पिउनु अघि विशेष सावधानी अपनाउनु पर्छ । यसमा पाइने पोटासियम र प्राकृतिक चिनीले कसैको लागि जटिलताहरूको जोखिम बढाउन सक्छ ।

नरिवल पानीमा पोटासियमको मात्रा बढी हुन्छ । मिर्गौला रोग भएका व्यक्तिहरूले शरीरबाट अतिरिक्त पोटासियम हटाउन असमर्थ हुन्छन् । यसले पोटासियमको स्तर बढाउन सक्छ, जसले अनियमित मुटुको धड्कन र मुटुसँग सम्बन्धित अन्य समस्याहरूको जोखिम बढाउन सक्छ ।

**कम रक्तचाप हुँदा**

नरिवल पानीले प्राकृतिक रूपमा रक्तचाप कम गर्न मद्दत गर्न सक्छ । यदि कसैले पहिले नै उच्च रक्तचाप नियन्त्रण गर्न औषधि खाइहरेको छ भने, नरिवल पानी पिउनाले अत्यधिक रक्तचाप घट्न सक्छ । यसले चक्कर लाग्ने, कमजोरी हुने वा बेहोस हुने सम्भावना हुन्छ ।

**मधुमेहका बिरामीहरू**

नरिवल पानीमा प्राकृतिक चिनी हुन्छ । मधुमेहका बिरामीहरूले अत्यधिक मात्रामा नरिवल पानी पिएमा उनीहरूको रगतमा चिनीको स्तरमा प्रभाव पार्न सक्छन् । त्यसैले, आफ्नो आहारमा यसलाई समावेश गर्नु अघि डाक्टर वा आहारविद्सँग परामर्श गर्नु राम्रो हुन्छ ।

**एलर्जी भएका मानिसहरू**

केही मानिसहरूलाई नरिवल वा यसका उत्पादनहरूबाट एलर्जी हुन सक्छ । यी मानिसहरूले नरिवल पानी पिएपछि छालामा दाग, पेटको समस्या, वा गम्भीर अवस्थामा एलर्जी प्रतिक्रिया अनुभव गर्न सक्छन् ।

विश्वकप विशेष

# फ्रान्स र मोरोक्को विश्वकपको क्वाटरफाइनलमा




**दमक/** फ्रान्स र मोरोक्को फिफा विश्वकप-२०२६ को क्वाटरफाइनलमा पुगेका छन् । आइतबार बिहान भएको अन्तिम १६ को खेलमा पाराग्वेलाई १-० गोलले पराजित गर्दै फ्रान्सले क्वाटरफाइनलमा आफ्नो स्थान सुरक्षित गरेको हो । फिलाडेल्फिया स्टेडियममा भएको खेलमा फ्रान्सलाई जित दिलाउन किलियन एम्बाप्पेले निर्णायक गोल गरे । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको ७० औं मिनेटमा एम्बाप्पेले पेनाल्टीमा गरेको गोलनै फ्रान्सलाई जित दिलाउन पर्याप्त बन्यो । एम्बाप्पेको जारी विश्वकपमा यो सातौं गोल हो ।

जितसँगै फ्रान्स क्वाटरफाइनलमा पुग्दा पाराग्वे प्रतियोगिताबाट बाहिरिएको छ । अब फ्रान्सले क्वाटरफाइनलमा मोरोक्कोको सामना गर्नेछ । गएराति नै भएकै अन्तिम १६ को अर्को खेलमा मोरोक्कोले सह-आयोजक क्यानडालाई ३-० गोलले हराउँदै अन्तिम ८ मा पुगेको हो । हौस्टोन स्टेडियममा भएको खेलमा मोरोक्कोलाई जित दिलाउन अज्जेदिने ओउनाही दुई र सोउफिआने रहिमीले एक गोल गरे ।

# कृषि बीमा, मल र बजारमा सुधार आएको मन्त्रालयको दावी

**दमक/** सरकारले पहिलो सय दिनमा कृषि बीमा, रासायनिक मल व्यवस्थापन, कृषि उपजको बजारीकरण र नीतिगत सुधारलाई केन्द्रमा राखेर विभिन्न काम अघि बढाएको जनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बीमा प्रणालीलाई डिजिटल बनाउनेदेखि मल वितरणलाई व्यवस्थित गर्ने र किसानलाई बजार पहुँच सहज बनाउने कदम चालिएको उल्लेख गरेको छ ।

मन्त्रालयका अनुसार कृषि तथा पशुपन्छी बीमा प्रिमियम अनुदानसम्बन्धी कार्यविधि संशोधनको प्रक्रिया अघि बढाइएको छ । बीमा अनुदान वितरणलाई डिजिटल प्रणालीमार्फत सञ्चालन गर्न 'एग्रिकल्चर एन्ड लाइभस्टक इन्स्योरेन्स सिस्टम' संघीय तहमा लागू गरिएको छ भने प्रदेश तहमा विस्तार भइरहेको छ । आगामी आर्थिक वर्षदेखि बीमा प्रिमियम अनुदान प्रदेश सरकारले सम्बन्धित बीमा कम्पनीलाई नै भुक्तानी गर्ने व्यवस्था पनि गरिएको मन्त्रालयले जनाएको छ ।

कृषि उत्पादनको संरक्षण र अन्तर्राष्ट्रिय पहिचान विस्तार गर्ने उद्देश्यले भौगोलिक संकेत (जीआई) अन्तर्गत राष्ट्रिय फल सुन्तला र ठूलो अलैंचीलाई प्राथमिक बालीका रूपमा छनोट गरिएको छ । यसबाट नेपाली कृषि उत्पादनको ब्रान्डिङ र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

रासायनिक मल व्यवस्थापनलाई प्रभावकारी बनाउन 'मल (नियन्त्रण) आदेश, २०८३' को प्रारम्भिक मस्यौदा तयार गरी सरोकारवालाबाट सुझाव संकलन गरिएको मन्त्रालयले जनाएको छ । सुझाव समेटेर अन्तिम मस्यौदा मन्त्रिपरिषद्मा पेश गर्ने तयारी भइरहेको छ । यस्तै, 'अनुदानको मल वितरण व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८३' स्वीकृत गरी वितरण प्रणालीलाई थप व्यवस्थित बनाइएको छ ।

मल वितरणमा पारदर्शिता बढाउन 'फर्टिलाइजर म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम' स्तरोन्नति गर्ने काम पनि अघि बढाइएको छ । यसमार्फत डिलर तथा सहकारीको विवरण, स्थानीय तहले पाएको मलको कोटा, वितरण परिमाण र खरिद मितिसहितका सूचना सार्वजनिक गरिने मन्त्रालयको भनाइ छ ।

चालु आर्थिक वर्षको चैतदेखि हालसम्म कृषि सामग्री कम्पनी लिमिटेडमार्फत ५३ हजार ७१६.४५ मेट्रिक टन र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत ३५ हजार ४७८.१० मेट्रिक टन गरी कुल ८९ हजार १९४.५५ मेट्रिक टन अनुदानित रासायनिक मल बिक्री वितरण गरिएको मन्त्रालयले जनाएको छ। आगामी बाली सिजनका लागि थप तीन लाख ५० हजार मेट्रिक टन मल खरिद प्रक्रिया पनि अघि बढाइएको छ ।

कृषकले उत्पादन गरेको उपजको बिक्री सहज बनाउन थोक कृषि बजारका १० प्रतिशत स्टल किसान समूह तथा सहकारीमार्फत सञ्चालन हुने 'फार्मर्स सेड' का लागि छुट्याउने तथा स्थानीय हाटबजारको कम्तीमा ५० प्रतिशत क्षेत्र स्थानीय उत्पादन बिक्रीका लागि मात्र प्रयोग गर्ने निर्णय गरिएको छ। यसका लागि कृषि तथा पशु सेवा विभागलाई निर्देशन दिइएको र प्रदेश तथा स्थानीय तहसँग समन्वय गर्न आग्रह गरिएको मन्त्रालयले जनाएको छ ।


फलफूल आयात व्यवस्थापनतर्फ भारत तथा तेस्रो मुलुकबाट आयात हुने आँपलाई ४८ डिग्री सेल्सियस तापक्रममा ६० मिनेट 'हट वाटर ट्रिटमेन्ट' गरेपछि मात्र आयात अनुमति दिने व्यवस्था लागू गरिएको छ । यसले रोग तथा कीराको जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नीतिगत सुधारअन्तर्गत 'कृषि नीति, २०८३' को मस्यौदा स्वीकृत गरी मन्त्रिपरिषद्मा पेश गरिएको छ। साथै 'कृषि विधेयक, २०८३' को मस्यौदा तयार गरी आवश्यक राय र सहमतिका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको मन्त्रालयले जनाएको छ ।

मनोरञ्जन

# फिल्म 'अक्षरा' दक्षिण कोरियामा पनि प्रदर्शन हुने

**दमक/** फिल्म 'अक्षरा' दक्षिण कोरियामा पनि प्रदर्शन हुने भएको छ । क्षित बाबु प्रोडक्सन हाउसको प्रस्तुतिमा निर्माण भएको फिल्म दक्षिण कोरियामा 'केटीएम २ सोल' नामक कम्पनीले किनेको हो । फिल्म स्वदेशमा भदौ २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । दक्षिण कोरियामा प्रदर्शन मिति भने सार्वजनिक गरिएको छैन ।




सोनी थापा (ढुंगाना)को प्रस्तुतिमा निर्माण भएको यो फिल्मलाई विनय राज पौडेलले निर्देशन गरेका हुन् । फिल्ममा सुशील सिटौला, न्यान्सी खड्का, सुशील पोखरेल, पुष्कर राउत, रिस्ता अधिकारी, अंशु महर्जन, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, मोहन अधिकारी र सृष्टि खड्काको मुख्य भूमिका छ। बालकालकारका रूपमा रोनक खड्का र प्रीसा ढुंगाना रहेका छन् । अभिनेत्री न्यान्सीले यसअघि ब्लकबस्टर फिल्म '१२ गाउँ'मा काम गरिसकेकी छन् ।

फिल्मका निर्माता उग्रसेन ढुंगाना र सुग्रसेन ढुंगाना हुन् भने कार्यकारी निर्माताका रूपमा सुरज थापाकाजी र सुमन ज्योति न्यौपाने रहेका छन् । फिल्मको कथा निर्माता उग्रसेन आफैंले लेखेका हुन् भने पटकथा तथा संवाद अभिमन्यु निरवी र निर्देशक पौडेलको संयुक्त लेखनमा तयार भएको हो । फिल्ममा दिपेन बस्न्यातको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी र शंकर महर्जनको द्वन्द्व छ । फिल्मलाई नेशनल सिने ग्रुप नेपालका तर्फबाट दीपक दंगालले वितरण गर्दै छन् ।

अनौठो कुरा

# पाँच रोचक तथा अनौठा ज्ञानवर्द्धक तथ्यहरु

**१. कपाल**

कपालको बनावट विशेषगरी २ प्रकारका हुन्छन् । एउटा गोलो र अर्को चेप्टो । गोलो आकार भएकाहरुको कपाल सर्लक्क परेको सिधा हुन्छ भने चेप्टो आकार भएकाहरुको कपाल घुम्रेको कर्ली घुमाउरो हुन्छ ।

**२. श्रवण शक्ति**

लाटोकोसेरोको श्रवण शक्ति (सुन्ने शक्ति) बिरालोको भन्दा ४ गुणा बढी हुन्छ ।

**३. राजधानी**

ईसापूर्व १४०० सालमा चिनियाँहरूले आफ्नो राजधानी आन्याङ्ग भन्ने ठाउँलाई बनाएका थिए । हाल त्यो ठाउँ दक्षिण कोरियामा पर्छ ।

**४. मुश्लिम राष्ट्र**

क्षेत्रफल र जनसङ्ख्या दुवैका आधारमा सबैभन्दा ठूलो मुश्लिम राष्ट्र इन्डोनेसिया हो । त्यहाँ ८०.३१% मुश्लिमहरु छन् ।

**५. पहिलो महिला शासक**

विश्व इतिहासमा सबैभन्दा पहिलो महिला शासक ह्याटसेपसुटलाई मानिन्छ । उनले ईसापूर्व १४७३ देखि १४५८ सम्म मिश्र देशमा शासन गरेकी थिइन् ।

- संसारको सबैभन्दा ठूलो रेल्वे स्टेशन न्यूयोर्क, अमेरिकाको ग्राण्ड सेन्ट्रल टर्मिनल हो । यस स्टेशनमा ४४ वटा प्लेटफर्महरु छन् ।
- पृथ्वीमा सबैभन्दा कम तापक्रम अन्टार्कटिका महादेशको भोस्तोकमा सन् १९८३ मा रेकर्ड गरिएको थियो । त्यसबेला रेकर्ड गरिएको तापक्रम -८९.२ डिग्री सेल्सियस थियो ।
- संसारको एक तिहाई जनसंख्या १५ वर्षभन्दा कम उमेरका छन् ।
- संसारमा सबैभन्दा बढी विवाह गर्ने मान्छेको रुपमा न्यूयोर्कका जियोभान्नी भियोग्लियोट्टोको नाम दर्ता भएको छ । उन्ले १९४९ देखि १९८१ सम्मका करीब १०४ पटक विवाह गरेका थिए ।




आज मिति
२०८३ साल
असार २२ गते
सोमबार
6 July, 2026
तिथि : षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | बढी विश्वासले गर्दा कामहरु बिग्रने । मन खिन्न । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पारिवारिक कलह । खर्च बढेर जाला । मित्र मिलन। |
| मिथुन | का कि कु घ ङ छ के को हा | मिष्ठान्न परिकार मिल्ने । खर्चको मात्रा बढ्ने । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | रोजगारीको बाटाहरु खुल्ने । स्त्रीसाथीबाट सहयोग । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | धर्मकर्ममा रुचि । मन प्रशन्न रहला । |
| कन्या | टो प पी पॅ ष ण ठ पे पो | अध्ययनमा बाधा । मनमा भने उत्साह बढ्ने । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | सहयोगी मन भएकाले अरुलाई छिटो विश्वासले घात हुने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | ब्यापार व्यवसायमा लाभ । परिवारिमा मेलमिलाप । |
| धनु | य यो भा भी भ धा फा ढ भे | भ्रमणको योग । नयाँ साथीभाइसँग भेटघाट । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका बाटाहरु खुले पनि खर्च बढेर जाने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्यमा केही समस्या । मनमा उत्साह बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मान्यजनसँग भेटघाट । परिवारमा खुशीयाली । |

